# ईन्द्रावती राजपत्र

## ईन्द्रावती गाउँपालिकाद्धारा प्रकाशित

खण्ड १० सिन्धुपाल्चोक, श्रावण १ गते, २०८३ साल (संख्याः१

## भाग -१

## ईन्द्रावती गाउँपालिका

नवलपुर सिन्धुपाल्चोक बागमती प्रदेश नेपाल

ईन्द्रावती गाउँपालिका गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८३ सालको ऐन नं १

ईन्द्रावती गाउँपालिका

# ईन्द्रावती गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८३

निर्णय मितिः २०८३।०३।१०

**प्रस्तावनाः**

ईन्द्रावती गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी ईन्द्रावती गाउँसभाले यो ऐन तयार गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

१) यस ऐनको नाम, "**ईन्द्रावती गाउँपालिकाको आर्थिक ऐन, २०८३**" रहेको छ ।

२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि ईन्द्रावती गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पत्ति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति करको दर निर्धारण गरिनेछ । अनुसूची १ मा उल्लेख भएको सम्पत्ति कर कार्यपालिकाले निर्णय गरेको मिति देखि लागु हुनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घरजग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल गरिने छ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम मनोरञ्जनकर लगाइने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहीबमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र हाल सम्म पार्किङ स्थल निर्माण भई सञ्चालनमा आएका छैनन् । पार्किङ स्थल सञ्चालनमा आएमा कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल गरिनेछ ।

१२. **ट्रेकिङ्ग र्‍याफ्टिङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, र्‍याफ्टिङ सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असुल गरिनेछ ।

१३. **<u>सेवा शुल्क, दस्तुरः</u>** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूलउपर गरिनेछ ।

१४. **<u>पर्यटन शुल्कः</u>** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असूल गरिनेछ, तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५. **<u>कर छुटः</u>** यस ऐनबमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **<u>कर तथा शुल्क सङ्कलन कार्यविधिः</u>** यस ऐनमा भएको व्यवस्था यसैबमोजिम र अन्यका हकमा यस ऐनसँग नबाझिने गरी कर तथा शुल्क सङ्कलन सम्बन्धमा ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१७. **<u>विभाज्य कोष सम्बन्धी व्यवस्थाः</u>** गाउँपालिकाले स्थानीय तथा प्रदेश कानुन बमोजिम सङ्कलन गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने प्रकृतिका राजस्वहरु यस कोषमा जम्मा गरी तोकिएबमोजिम बाँडफाँट गरिने छ ।

१८. **<u>सहकार्यमा राजस्व सङ्कलन गर्न सकिनेः</u>** राजस्व सङ्कलन गर्दा अन्य स्थानीय तहहरुका साथै अन्य सेवा प्रदायकहरु सँगको सहकार्य प्रभावकारी हुने देखिएमा गाउँ कार्यपालिकाले निर्णय गरी सहकार्यमा राजस्व सङ्कलन गर्न सक्ने ।

१९. **<u>अन्य व्यवस्थाः</u>** (१) ईन्द्रावती गाउँपालिका वडा तथा अन्य कार्यालयहरुबाट सेवाप्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असुलउपर गरी सेवाप्रवाह गर्नुपर्ने छ । साथै दण्ड जरिवाना सम्बन्धि व्यवस्था अनुसूची १५ मा उल्लेख भएबमोजिम हुनेछ ।

२) अन्य स्थानीय तहमा कानून बमोजिम दर्ता नवीकरण भएका कम्पनी, फर्म, सङ्घसंस्थाहरुले सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुन ईन्द्रावती गाउँपालिकामा पुनः व्यवसाय दर्ता गर्नुपर्ने छैन ।

२०. **<u>यसै ऐन बमोजिम भएको मानिनेः</u>** यो ऐन जारी हुनुअघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

२१. **<u>नियम वा कार्यविधि बनाउन सक्नेः</u>** ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्ने छ ।

२२. **<u>साबिक बमोजिम हुनेः</u>** यस ऐनमा उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लिखित नभएको हकमा साबिक बमोजिम नै हुने छ ।

२३. **<u>बाधा अड्काउ फुकाउः</u>** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आइपरेमा ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहने छ ।

२४. **<u>खारेजीः</u>** साबिकमा ईन्द्रावती गाउँपालिकाले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुने छन् ।

२५. आर्थिक विधेयक २०८३ का अनुसूचीहरू आर्थिक विधेयक, २०८३ बमोजिम आ.व. २०८३/०८४ का लागि सेवा शुल्क तथा राजश्वका दररेटहरूः

## अनुसूची-१
## दफा (२) सँग सम्बन्धित
## सम्पत्ति कर

| सि.नं | विवरण | ईकाई | वार्षिक करको दर (रु.) ०८१/०८२ | वार्षिक करको दर (रु.) ०८२/०८३ | वार्षिक करको दर (रु.) ०८३/०८४ |
|---|---|---|---|---|---|
| | **घर/संरचना** | | | | |
| १ | ईन्द्रावती गाउँपालिका अन्तर्गत नवलपुर, एंसेलुखर्क, जिरोकिलो, भेडिचौर, ज्यामिरेमाने, पोखरे, देउराली, सिपाटार, भीमटार, बजार क्षेत्रका आर.सी.सी. घरहरू | प्रति वर्ग फिट | ०.५ | ०.५ | ०.५ |
| २ | ईन्द्रावती गाउँपालिका अन्तर्गत आँपचौर, वडहरे, तीनधारा, तिनघरे, कोटडाँडा, जौडाँडा, लहरेमाने, बोडगाउँ बजार क्षेत्रका आर.सी.सी. घरहरू | प्रति वर्ग फिट | ०.५० | ०.५० | ०.५० |
| ३ | सि.नं. १ र २ मा उल्लेख गरिएका क्षेत्र बाहेकका आर.सी.सी. घरहरू | प्रति वर्ग फिट | | | |
| ४ | सि.नं. १ अन्तर्गत रहेका लोडबियरिङ घरहरू | प्रति वर्ग फिट | ०.२ | ०.२ | ०.२ |
| ५ | सि.नं. २ अन्तर्गत रहेका लोडबियरिङ घरहरू | प्रति वर्ग फिट | ०.१५ | ०.१५ | ०.१५ |
| ६ | ढुङ्गा माटोले बनेको जस्ताको छाना भएको घर | प्रति वर्ग फिट | ५० | ५० | ५० |
| ७ | घरधुरी कर | प्रति वर्ग फिट | १०० | १०० | १०० |

(गाउँपालिका भित्र सम्पत्ति करको सम्भाव्यता अध्ययन र करदाता शिक्षा कार्यक्रम सञ्चालन सम्पन्न गरे पश्चात कार्यान्वयनमा ल्याइनेछ ।)

## अनुसूची -२
## दफा (३) सँग सम्बन्धित
## मालपोत/भूमीकर

| सि.नं | विवरण | ईकाई | वार्षिक करको दर (रु.) ०८१/०८२ | वार्षिक करको दर (रु.) ०८२/०८३ | वार्षिक करको दर (रु.) ०८३/०८४ |
|---|---|---|---|---|---|
| १ | **मोटरबाटो (पक्की सडक) सँग जोडिएका जग्गा** | | | | |
| १.१ | दुई रोपनीसम्म | | ६५ | ६५ | ६५ |
| १.२ | दुई रोपनीदेखि पाँच रोपनीसम्म | थप प्रति रोपनी | ७५ | ७५ | ७५ |
| १.३ | पाँच रोपनीदेखि दश रोपनीसम्म | थप प्रति रोपनी | ८५ | ८५ | ८५ |



इन्द्रावती गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| १.४ | दश रोपनी भन्दा माथि | थप प्रति रोपनी | ९५ | ९५ | ९५ |
| २ | **मोटरबाटो (ग्राभेल, माटे सडक, गोरेटो) सँग जोडिएका जग्गा** | | | | |
| २.१ | दुई रोपनीसम्म | | ५० | ५० | ५० |
| २.२ | दुई रोपनीदेखि पाँच रोपनीसम्म | थप प्रति रोपनी | ६० | ६० | ६० |
| २.३ | पाँच रोपनीदेखि दश रोपनीसम्म | थप प्रति रोपनी | ७० | ७० | ७० |
| २.४ | दश रोपनी भन्दा माथि | थप प्रति रोपनी | ८० | ८० | ८० |
| ३ | **धान खेत तर्फ** | | | | |
| ३.१ | दुई रोपनीसम्म | | ३० | ३० | ३० |
| ३.२ | दुई रोपनीदेखि पाँच रोपनीसम्म | थप प्रति रोपनी | ४० | ४० | ४० |
| ३.३ | पाँच रोपनीदेखि दश रोपनीसम्म | थप प्रति रोपनी | ५० | ५० | ५० |
| ३.४ | दश रोपनी भन्दा माथि | थप प्रति रोपनी | ६० | ६० | ६० |
| ४ | **पाखो बारी तर्फ** | | | | |
| ४.१ | दुई रोपनीसम्म | | ५ | १५ | १५ |
| ४.२ | दुई रोपनीदेखि दश रोपनीसम्म | थप प्रति रोपनी | १० | २० | २० |
| ४.३ | दश रोपनीदेखि माथि | थप प्रति रोपनी | १५ | २५ | २५ |
| **विलम्ब शुल्क एक बर्षसम्म १५ प्रतिशत, तीन बर्ष सम्म २५ प्रतिशत र सो भन्दा माथि ३५ प्रतिशत थप लाग्नेछ ।** | | | | | |

**अनुसूची -३**
**दफा (४) सँग सम्बन्धित**
**बहाल कर**

| सि.नं | विवरण | ईकाई | वार्षिक करको दर (रु.) ०८१/०८२ | वार्षिक करको दर (रु.) ०८२/०८३ | वार्षिक करको दर (रु.) ०८३/०८४ |
|---|---|---|---|---|---|
| १ | घर जग्गा बहाल कर | प्रतिशत | १० | १० | १० |
| २ | जग्गा बहाल कर (कृषि व्यवसाय गर्ने फर्मको हकमा ५० प्रतिशत छुट) | प्रतिशत | १० | १० | १० |
| ३ | सवारी साधन भाडाकर | प्रतिशत | १० | १० | १० |

**अनुसूची -४**
**दफा (५) सँग सम्बन्धित**
**व्यवसाय कर**

| सि.नं | विवरण | ईकाई | वार्षिक करको दर (रु.) ०८१/०८२ | वार्षिक करको दर (रु.) ०८२/०८३ | वार्षिक करको दर (रु.) ०८३/०८४ |
|---|---|---|---|---|---|
| | **व्यवसाय कर** | | | | |
| १ | **लघु घरेलु उद्योग दैनिक उपभोगका खाद्य पदार्थ तथा अन्य सामानको खुद्रा विक्रेता** | | | | |
| १.१ | व्यवसाय दर्ता/सूचीकरण रु. ५ लाखसम्म पूँजी भएको | | १५०० | १५०० | १५०० |
| १.२ | व्यवसाय दर्ता /सूचीकरण रु. ५ लाख १ भन्दा माथि पूँजी भएको | | २००० | २००० | २००० |
| १.३ | वार्षिक व्यवसाय कर (रु. ५ लाख १ भन्दा माथि) एकमुष्ठ | | १००० | १००० | १००० |
| १.४ | वार्षिक व्यवसाय (रु. ५ लाख र सो भन्दा कम) | | ५०० | ५०० | ५०० |
| २ | **दैनिक उपभोगका खाद्य पदार्थ तथा अन्य सामानको थोक विक्रेता** | | | | |
| २.१ | व्यवसाय सूचीकरण | | | ४००० | ४००० |
| २.२ | वार्षिक व्यवसाय कर एकमुष्ठ | | | ३००० | ३००० |
| ३ | **सुनपसल ज्वेलरी** | | | | |
| ३.१ | सुनपसल दर्ता सूचीकरण | | ५००० | ५००० | ५००० |
| ३.२ | वार्षिक व्यवसाय कर सुनपसल | | २५०० | २५०० | २५०० |
| ३.३ | वार्षिक व्यवसाय कर सुनचाँदीका गहना बनाउने / मर्मत गर्ने पसल | | ५०० | १५०० | १५०० |
| ४ | **निर्माण व्यवसायी** | | | | |
| ४.१ | क श्रेणीका निर्माण व्यवसायी दर्ता सिफारिस, सूचीकृत | | ६००० | ६००० | ६००० |
| ४.२ | ख श्रेणीका निर्माण व्यवसायी दर्ता सिफारिस, सूचीकृत | | ५८०० | ५८०० | ५८०० |
| ४.३ | ग श्रेणीका निर्माण व्यवसायी, दर्ता सिफारिस, सूचीकृत | | ५५०० | ५५०० | ५५०० |
| ४.४ | क,ख र ग वर्गको निर्माण व्यवसायी नवीकरण / वार्षिक शुल्क | | ३००० | ३००० | ३००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.५ | घ (वर्ग) निर्माण व्यवसायी ईजाजत दस्तुर | | १०००० | १०००० | १०००० |
| ४.६ | घ (वर्ग) निर्माण व्यवसायी नवीकरण दस्तुर | | ५००० | ५००० | ५००० |
| **(आश्विन मसान्तपछि चैत्र मसान्त सम्म थप दस्तुर रु. ५०००/- लाग्ने)** | | | | | |
| ४.७ | घ श्रेणीको इजाजतपत्र नामसारी,प्रतिलिपी र कम्पनी /प्रा.लि.मा परिवर्तन दस्तुर | | ५००० | ५००० | ५००० |
| **५** | **क्रसर तथा बालुवा प्रशोधन उद्योग** | | | | |
| ५.१ | वासिङ (वालुवा प्रशोधन) दर्ता/सूचीकरण | | ३००००० | ३००००० | ३००००० |
| | वासिङ (वालुवा प्रशोधन) वार्षिक शुल्क | | १००००० | १००००० | १००००० |
| ५.२ | वालुवा  प्रशोधन उद्योग नामसारी | | ५०००० | ५०००० | ५०००० |
| ५.३ | क्रसर उद्योग व्यवसायी दर्ता सिफारिस/सूचीकरण | | ५००००० | ५००००० | ५००००० |
| ५.४ | क्रसर उद्योग व्यवसाय वार्षिक व्यवसाय कर | | ३५०००० | ३५०००० | ३५०००० |
| ५.५ | क्रसर उद्योग नामसारी | | २००००० | २००००० | २००००० |
| ५.६ | सञ्चालनमा नआएका क्रसर तथा वासिङको वार्षिक शुल्क | | १००००० | १००००० | १००००० |
| ५.७ | स्काभेटर तथा जे.सि.वि.सूचीकृत तथा मेसिन प्रयोग क्रसरको लागि (आन्तरिक) | | २००००० | २००००० | २००००० |
| ५.८ | स्काभेटर तथा जे.सि.वि.सूचीकृत तथा मेसिन प्रयोग वासिङको लागि (आन्तरिक) | | २००००० | २००००० | २००००० |
| ५.९ | स्काभेटर तथा जे.सि.वि. सूचीकृत तथा मेसिन प्रयोग क्रसरको लागि (बाह्य) | | ३५०००० | ३५०००० | ३५०००० |
| ५.१० | स्काभेटर तथा जे.सि.वि.सूचीकृत तथा मेसिन प्रयोग वासिङको लागि (बाह्य) | | २५०००० | २५०००० | २५०००० |
| ५.११ | नदीजन्य पदार्थ सङ्कलन जे.सि.वि परिवर्तन | | ५०००० | ५०००० | ५०००० |
| ५.१२ | घाटगद्धी प्रयोजनका लागि स्काभेटर तथा जे.सि.वि.सूचिकृत तथा मेसिन प्रयोग | | २००००० | २००००० | २००००० |
| **६** | **मदिरा तथा सुर्तीजन्य पदार्थ विक्रेता बार्षिक शुल्क** | | | | |
| ६.१ | मदिरा तथा सुर्तीजन्य पदार्थ थोक विक्रेता/डिलर | | ५००० | ५००० | ५००० |
| ६.२ | मदिरा तथा सुर्तीजन्य खुद्रा | | २००० | २००० | २००० |
| **७** | **पेट्रोलियम पदार्थका थोक तथा खुद्रा व्यापार वार्षिक शुल्क** | | | | |
| ७.१ | एक भन्दा वढी पम्प भएका | | ५००० | ५००० | ५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७.२ | एक मात्र पम्प भएका | | ३००० | ३००० | ३००० |
| ८ | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा सूचीकरण तथा बार्षिक सेवा शुल्क** | | | | |
| ८.१ | चिकित्सक सेवा | | १००० | १००० | १००० |
| ८.२ | कविराज वैद्य सेवा | | ५०० | ५०० | ५०० |
| ८.३ | कनून व्यवसायी सेवा | | ५०० | ५०० | ५०० |
| ८.४ | लेखापरीक्षक सेवा घ वर्ग | | १००० | १००० | १००० |
| ८.५ | दन्त चिकित्सक सेवा | | ५०० | ५०० | ५०० |
| ८.६ | कन्सल्टेन्सी, अनुसन्धान कर्ता र परामर्शदाता नक्सा डिजाईनर समेत | | | दर्ता/सूचीकरण रु. ५००० वार्षिक शुल्क रु. ३००० | दर्ता/सूचीकरण रु. ५००० वार्षिक शुल्क रु. ३००० |
| ८.७ | कम्प्युटर एनालिष्ट र प्रोग्राम सेवा | | ५०० | ५०० | ५०० |
| ८.८ | विमा एजेन्ट सेवा | | ५०० | ५०० | ५०० |
| ८.९ | सर्भेएर सेवा | | ५०० | ५०० | ५०० |
| ८.१० | अनुवादक सेवा | | ५०० | ५०० | ५०० |
| ८.११ | पशु चिकित्सक सेवा | | ५०० | ५०० | ५०० |
| ८.१२ | सामान ढुवानी कर्ता तथा कम्पनी स्थानीय | | १००० | १००० | १००० |
| ८.१३ | संस्थागत पेन्टर स्थानीय | | ५०० | ५०० | ५०० |
| ८.१४ | लेखापढी व्यवसाय | | ५०० | ५०० | ५०० |
| ८.१५ | सीप विकास तालिम प्रशिक्षक | | | ३०० | ३०० |
| ९ | **इँटा भट्टा उद्योग** | | | | |
| ९.१ | इँटाभट्टा दर्ता/सूचीकरण | | १००००० | १००००० | १००००० |
| ९.२ | इँटाभट्टा वार्षिक सेवा शुल्क | | २५००० | २५००० | २५००० |
| १० | **वार्षिक व्यवसाय कर (वित्तीय संस्था)** | | | | |
| १०.१ | निजी क्षेत्रको आर्थिक कारेवार गर्ने क वर्गका बैंकको शाखा | | १५००० | १५००० | १५००० |
| १०.२ | निजी क्षेत्रको आर्थिक कारेवार गर्ने ख वर्गका बैंकको शाखा | | १२००० | १२००० | १२००० |
| १०.३ | निजी क्षेत्रको आर्थिक कारेवार गर्ने ग वर्गका बैंकको शाखा | | १०००० | १०००० | १०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १०.४ | निजी क्षेत्रको आर्थिक कारेवार गर्ने घ बर्गका बैंकको शाखा वा लघुवित्त कम्पनी | | ८००० | ८००० | ८००० |
| १०.५ | विमा कम्पनी शाखा | | ७००० | ७००० | ७००० |
| ११ | **वार्षिक शुल्क (सहकारी संस्था)** | | | | |
| ११.१ | दश लाख वा सो भन्दा भन्दा बढी शेयर पुंजी भएको बचत ऋण तथा बहुउद्धेश्यीय सहकारी संस्था दर्ता /सूचीकरण | | ५००० | ५००० | ५००० |
| ११.२ | दश लाख वा सो भन्दा बढी शेयर पुंजी भएको बचत ऋण तथा बहुउद्धेश्यीय सहकारी संस्थाको बार्षिक शुल्क | | २५०० | २५०० | २५०० |
| ११.३ | दश लाखभन्दा कम पुंजी भएको बचत ऋण तथा बहुउद्धेश्यीय सहकारी संस्था र अन्य सबै प्रकारका सहकारी दर्ता /सूचीकरण | | ३००० | ३००० | ३००० |
| ११.४ | दस लाख भन्दा कम पुंजी भएको बचत ऋण, बहुउद्धेश्यीय र अन्य सबै प्रकारका सहकारी संस्थाको वार्षिक शुल्क | | १५०० | १५०० | १५०० |
| ११.५ | सहकारी कार्यक्रम योजना माग तथा दर्ता सिफारिस | | १००० | १००० | १००० |
| ११.६ | कृषि तथा पोषण समूह दर्ता तथा नवीकरण | | १०० | १०० | १०० |
| ११.७ | सहकारी एकीकरण तथा नाम परिवर्तन, उदेश्य परिवर्तन , विनियम संशोधन, कार्यक्षेत्र विस्तार | | १००० | १००० | १००० |
| १२ | **स्वास्थ्य सेवा** | | | | |
| १२.१ | गैरसरकारी अस्पताल (सम्पूर्ण सेवा प्रदान गर्ने) सूचीकरण | | ५००० | ५००० | ५००० |
| १२.२ | गैर सरकारी अस्पताल (सम्पूर्ण सेवा प्रदान गर्ने) वार्षिक शुल्क | | २५०० | २५०० | २५०० |
| १२.३ | क्लिनिक तथा ल्याव अन्य स्वास्थ्य सेवा सूचीकरण | | ३००० | ३००० | ३००० |
| १२.४ | क्लिनिक तथा ल्याव अन्य स्वास्थ्य सेवा बार्षिक शुल्क | | १००० | १००० | १००० |
| १३ | **शिक्षा सेवा (निजी क्षेत्रका स्कुल, क्याम्पस, विद्यालय)** | | | | |
| १३.१ | आधारभूतस्तरका विद्यालय सूचीकरण तथा वार्षिक शुल्क | | ५००० | ५००० | ५००० |
| १३.२ | माध्यमिकस्तरका विद्यालय सूचीकरण तथा वार्षिक शुल्क | | १०००० | १०००० | १०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १३.३ | क्याम्पसस्तर सूचीकरण तथा वार्षिक शुल्क | | १५००० | १५००० | १५००० |
| १३.४ | स्तरबृद्धि आधारभूतस्तर | | २५०० | २५०० | २५०० |
| १३.५ | स्तरबृद्धि माध्यमिकस्तर | | ५००० | ५००० | ५००० |
| १३.६ | स्तरबृद्धि क्याम्पस /कलेजस्तर | | ७५०० | ७५०० | ७५०० |
| १३.७ | ग्रेडसिट/मार्कसिट वा प्रतिलिपी जारी गरेको | | ५०० | ५०० | ५०० |
| | **परीक्षा शुल्क** | | | | |
| १३.८ | श्रेणीविहीन, सहायकस्तर चौथो तह | | ५०० | ५०० | ५०० |
| १३.९ | सहायकस्तर पाचौं तह वा प्राथमिक तह शिक्षक | | ६०० | ६०० | ६०० |
| १३.१० | अधिकृतस्तर छैटौं तह वा मा.वि शिक्षक | | १००० | १००० | १००० |
| १३.११ | उमावि शिक्षक | | १५०० | १५०० | १५०० |
| १४ | **तालिम तथा अनुसन्धान केन्द्र तथा अन्य सेवा व्यवसाय बार्षिक शुल्क** | | | | |
| १४.१ | टेक्नीकल ईन्स्टीच्युट (१५ महिने) प्रति विधा | | १००० | १००० | १००० |
| १४.२ | कम्प्युटर प्रशिक्षण केन्द्र | | १००० | १००० | १००० |
| १४.३ | केवुल नेटवर्कलाई ग्राहक सङ्ख्याको आधारमा | | ३००० | ३००० | ३००० |
| १४.४ | म्यानपावर कम्पनी शाखा कार्यालय | | ५००० | ५००० | ५००० |
| १४.५ | अन्तर्राष्ट्रिय संघसंस्था | | ५००० | ५००० | ५००० |
| १४.६ | ईंट्टा, ढुङ्गा उद्योग विक्री डिपो | | ५००० | ५००० | ५००० |
| १४.७ | ड्राई क्लिनर्स | | ५००० | ५००० | ५००० |
| १४.८ | मोवाईल टावर शुल्क प्रति टावर | | ५००० | ५००० | ५००० |
| १४.९ | औषधी थोक पसल | | ३००० | ३००० | ३००० |
| १४.१० | औषधी खुद्रा पसल | | १५०० | १५०० | १५०० |
| १४.११ | एग्रोभेट सेन्टर | | १५०० | १५०० | १५०० |
| १४.१२ | अन्य सेवा व्यवसाय | | ३००० | ३००० | ३००० |
| १४.१३ | व्यवसायिक फर्म सप्लायर्स सूचिकरण | | ५०० | ५०० | |
| १५ | **संघसंस्था दर्ता /सूचीकरण** | | | | |
| **१५.१** | **गैह्रनाफामूलक संस्था दर्ता /सूचीकरण** | | | | |
| १५.१.१ | गैह्रनाफामूलक संस्था दर्ता /सूचीकरण | | १५०० | १५०० | १५०० |
| १५.१.२ | नफामूलक संस्था दर्ता /सूचीकरण | | ३००० | ३००० | ३००० |
| १५.१.३ | कार्यक्रम संचालन स्वीकृति | | १००० | १००० | १००० |
| १५.१.४ | टोल विकास संस्था दर्ता | | १००० | १००० | १००० |
| १५.१.५ | टोल विकास संस्था नवीकरण | | ५०० | ५०० | ५०० |
| १५.१.६ | सामुदायिक वन सूचीकरण तथा वार्षिक शुल्क | | ५०० | ५०० | ५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| **१५.२** | **गैर नाफामुलक संस्था वार्षिक शुल्क /नवीकरण तथा नवीकरण सिफारिस दस्तुर** | | | | |
| १५.२.१ | रु. १ लाखदेखि २० लाखसम्म कारोबार भएको संस्था | | १५०० | १५०० | १५०० |
| १५.२.२ | रु. २० लाखदेखि १ करोडसम्म कारोबार भएको संस्था | | ३००० | ३००० | ३००० |
| १५.२.३ | रु. १ करोडदेखि माथि कारोबार भएको संस्था | | ५००० | ५००० | ५००० |
| १५.२.४ | अन्तराष्ट्रिय गैह्रसरकारी संस्था | | ५००० | ५००० | ५००० |
| १५.२.५ | गुम्बा, मठ मन्दिर , खानेपानी मुहान उपभोक्ता समिति दर्ता | | १००० | १००० | १००० |
| १५.२.६ | गुम्बा, मठ मन्दिर चर्च , खानेपानी मुहान उपभोक्ता समिति नविकरण | | ५०० | ५०० | ५०० |
| **१६** | **एफ.एम रेडियो दर्ता** | | | | |
| १६.१ | एफ.एम. रेडियो दर्ता सञ्चालन स्वीकृति सिफरिस/ सूचीकरण | | ५००० | ५००० | ५००० |
| १६.२ | एफ.एम रेडियो नवीकरण वार्षिक शुल्क | | १००० | १००० | १००० |
| **१७** | **अन्य विविध** | | | | |
| १७.१ | सबै प्रकारका व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपी | | २०० | २०० | २०० |
| १७.२ | सबै प्रकारका संघसंस्था समिति खारेजी शुल्क | | | | ३०० |
| **माथि उल्लेख भएका सबै व्यवसायहरू प्रत्येक आ.व. को आश्विन मसान्तभित्र नवीकरण नगरेमा सोही आ.व का लागि २० प्रतिशत, सो भन्दा बढी प्रति आ.व थप १० प्रतिशतका दरले थप जरिवाना लाग्नेछ । साथै सम्बन्धित व्यवसाय शीर्षकमा नवीकरण वा वार्षिक शुल्क उल्लेख नभएको हकमा दर्ता दस्तुरको आधा रकम कायम गरिनेछ ।** | | | | | |

**अनुसूची -५**
**दफा (६) सँग सम्बन्धित**
**जडीबुटी, जीवजन्तुकर तथा काठ निकासी शुल्क**

| सि.नं | विवरण | इकाई | वार्षिक करको दर (रु.) ०८१/०८२ | वार्षिक करको दर (रु.) ०८२/०८३ | वार्षिक करको दर (रु.) ०८३/०८४ |
|---|---|---|---|---|---|
| १ | ऊन, खोटो निकासी शुल्क | प्रति के. जी | ६ | ६ | ६ |
| २ | वज्रदन्ती, काफलको बोक्रा, चुत्रोको बोक्रा निकासी शुल्क | प्रति के. जी | २ | २ | २ |
| ३ | लौठसल्लाको पात, सतुवा, लप्सी निकासी शुल्क | प्रति के. जी | ५ | ५ | ५ |
| ४ | बुद्धचित्त निकासी शुल्क | प्रति के. जी | १००० | १००० | १००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | घिसङ्गरे निकासी शुल्क | प्रति के. जी | ३ | ३ | ३ |
| ६ | धुपीको काठ निकासी शुल्क | प्रति के. जी | २० | २० | २० |
| ७ | पैयुँको बोक्रो, सल्लाको सिङ्टा, एसेलुको डाँठ, तितेपाती, मजिठो, धुपीको पात, अमला, काउलो, हर्रो, बर्रो लगायत निकासी शुल्क | प्रति के. जी | १ | १ | १ |
| ८ | साल प्रति क्यू.फिट | प्रति के. जी | २० | २० | २० |
| ९ | सल्लो, उत्तिस, चिलाउने, कटुस, मौवा, अस्ना (साज), शिरीष, सिमल, अन्य | प्रति के. जी | १० | १० | १० |
| १० | दाउरा प्रतिट्रक | प्रति के. जी | ५०० | ५०० | ५०० |
| ११ | प्रचलित कानूनले निषेध गरेका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला आदि निकासी शुल्क | प्रति के. जी | ५ | ५ | ५ |
| १२ | कवाडी कर | | | | |
| | मोटरसाइकलमा ढुवानी गर्ने | | १०० | १०० | १०० |
| | ट्याक्टर | | ५०० | ५०० | ५०० |
| | मिनिट्रक | | १००० | १००० | १००० |
| | टिपर | | २००० | २००० | २००० |
| | भ्यान | | ३००० | ३००० | ३००० |

## अनुसूची - ६
### दफा (७) सँग सम्बन्धित
### सवारी साधन कर

| सि.नं | विवरण | इकाई | वार्षिक करको दर (रु.) ०८१/०८२ | वार्षिक करको दर (रु.) ०८२/०८३ | वार्षिक करको दर (रु.) ०८३/०८४ |
|---|---|---|---|---|---|
| १ | अटोरिक्सा दर्ता /सूचीकरण | प्रति गोटा | ०० | १००० | १००० |
| २ | विद्युतीय रिक्सा दर्ता/सूचीकरण | प्रति गोटा | ०० | १००० | १००० |
| ३ | रिक्सा तथा ठेला दर्ता/सूचीकरण | प्रति गोटा | ०० | ५०० | ५०० |
| ४ | अटोरिक्सा बार्षिक शुल्क | प्रति गोटा | ०० | ५०० | ५०० |
| ५ | विद्युतीय रिक्सा वार्षिक शुल्क | प्रति गोटा | ०० | ५०० | ५०० |
| ६ | रिक्सा तथा ठेला वार्षिक शुल्क | प्रति गोटा | ०० | २०० | २०० |

**अनुसूची -७**
**दफा (८) सँग सम्बन्धित**
**विज्ञापनकर**

| सि.नं | विवरण | ईकाई | वार्षिक करको दर (रु.) ०८१/०८२ | वार्षिक करको दर (रु.) ०८२/०८३ | वार्षिक करको दर (रु.) ०८३/०८४ |
|---|---|---|---|---|---|
| १ | होडिङ वोर्ड /साइन बोर्ड | प्रति वर्ग फिट | ७५ | ७५ | ७५ |
| २ | विद्युतीय डिजिटल बोर्ड | प्रति वर्ग फिट | | २०० | २०० |
| ३ | व्यानर पोष्टर | प्रति वर्ग फिट | | १० | १० |
| ४ | व्यापारिक स्टल | प्रति वर्ग फिट | १५० | १५० | १५० |
| ५ | व्यापार मेला ईलेक्ट्रोनिक्स डिस्प्ले | प्रति वर्ग फिट | ०० | २०० | २०० |
| ६ | धातुको फ्रेम वा विद्युतीय तरङ्ग प्रयोग गरिएको प्रचार सामाग्री | प्रति वर्ग फिट | २०० | २०० | २०० |
| ७ | रेडियो विज्ञापन कर | प्रतिशत | १ | १ | १ |
| ८ | पत्रपत्रिका विज्ञापन कर | प्रतिशत | २ | २ | २ |
| ९ | टेलिभिजन | प्रतिशत | ३ | ३ | ३ |

**अनुसूची - ८**
**दफा (९) सँग सम्बन्धित**
**मनोरञ्जन कर**

| सि.नं | विवरण | इकाई | वार्षिक करको दर (रु.) ०८१/०८२ | वार्षिक करको दर (रु.) ०८२/०८३ | वार्षिक करको दर (रु.) ०८३/०८४ |
|---|---|---|---|---|---|
| १ | सिनेमा हल, भिडियो यात्र प्रवेश शुल्कमा | प्रतिशत | ३ | ३ | ३ |
| २ | जादु, सर्कस, चटक प्रतिदिन | | १००० | १००० | १००० |
| ३ | कृषि तथा अन्य स्टल प्रर्दशन प्रतिदिन | | ५०० | ५०० | ५०० |
| ४ | केबुल प्रति ग्राहक | | १०० | १०० | १०० |
| ५ | मेला महोत्सव टिकटको | प्रतिशत | १० | १० | १० |
| ६ | मेला महोत्सव एकमुष्ट | | १०००० | १०००० | १०००० |

अनुसूची - ९
दफा (१०) सँग सम्बन्धित
बहाल बिटौरी कर

| सि.नं | विवरण | इकाई | वार्षिक करको दर (रु.) ०८१/०८२ | वार्षिक करको दर (रु.) ०८२/०८३ | वार्षिक करको दर (रु.) ०८३/०८४ |
|---|---|---|---|---|---|
| | **सार्वजनिक संरचना/जग्गाहरू** | | | | |
| १ | नदीजन्य पदार्थ उत्पादन /संकलन सम्बन्धी उद्योग | प्रति रोपनी | १०००० | १०००० | १०००० |
| २ | कृषि तथा कृषिजन्य व्यवसाय | प्रति रोपनी | २५०० | २५०० | २५०० |
| ३ | स्थायी संरचना बनेकाको हकमा | प्रति वर्गफिट | २५ | २५ | २५ |
| ४ | अस्थायी संरचना बनेकाको हकमा | प्रति वर्गफिट | २० | २० | २० |
| ५ | हाट बजार | प्रति दिन प्रति स्टल | ५० | ५० | ५० |
| ६ | भवन | | | | |
| | क) पक्की | प्रति वर्गफिट | ७० | ७० | ७० |
| | ख) कच्ची | प्रति वर्गफिट | ५० | ५० | ५० |
| ७ | हल भाडा प्रतिदिन वा प्रतिकार्यक्रम (गाउँपालिका तथा वडा कार्यालय) | - | १५०० | २००० | २००० |
| ८ | जे.सि.वी. मेशिन इन्धन चालकसहित | प्रति घण्टा | ३००० | ३००० | ३००० |
| ९ | जे.सि.वी. मेशिन इन्धन वाहेक | प्रति घण्टा | १२०० | १२०० | १२०० |

अनुसूची - १०
दफा (११) सँग सम्बन्धित
पार्किङ्ग शुल्क

| सि.नं | विवरण | इकाई | वार्षिक करको दर (रु.) ०८१/०८२ | वार्षिक करको दर (रु.) ०८२/०८३ | वार्षिक करको दर (रु.) ०८३/०८४ |
|---|---|---|---|---|---|
| १ | स्कुटर/मोटरसाइकल | प्रति घण्टा | १० | १० | १० |
| २ | हलुका सवारी साधन | प्रति घण्टा | २० | २० | २० |
| ३ | ट्रयाक्टर | प्रति घण्टा | २० | २० | २० |
| ४ | हेभी सवारी साधन बस, ट्रक | प्रति घण्टा | २० | २० | २० |

(हाल गाँउपालिकामा पार्किङ स्थल नभएकोले कार्यान्वयनमा नआउने)

## अनुसूची -११
## दफा (१२) सँग सम्बन्धित
## ट्रेकिङ्ग र न्याफ्टिङ्ग शुल्क

| सि.नं | विवरण | इकाई | वार्षिक करको दर (रु.) ०८१/०८२ | वार्षिक करको दर (रु.) ०८२/०८३ | वार्षिक करको दर (रु.) ०८३/०८४ |
|---|---|---|---|---|---|
| १ | न्याफ्टिङ्ग व्यवसाय प्रति न्याफ्टिङ्ग सेवा लिने सँग | प्रतिव्यक्ति | ५० | ५० | ५० |
| २ | ट्रेकिङ | प्रतिव्यक्ति प्रति दिन | ५० | ५० | ५० |

## अनुसूची -१२
## दफा (१३) सँग सम्बन्धित
## सेवाशुल्क तथा दस्तुर

| सि.नं | विवरण | इकाई | वार्षिक करको दर (रु.) ०८१/०८२ | वार्षिक करको दर (रु.) ०८२/०८३ | वार्षिक करको दर (रु.) ०८३/०८४ |
|---|---|---|---|---|---|
| **१** | **निवेदन तथा सिफारिस** | | | | |
| १ | निवेदन दस्तुर सबै प्रकारका | प्रतिगोटा | १०० | १०० | १०० |
| २ | नागरिकता सिफारिस, नागरिकता प्रतिलिपि सिफारिस, नाता प्रमाणित स्वदेश प्रयोजन, नाता कायम सिफारिस, नाबालक सिफारिस, जन्म मिति प्रमाणित सिफारिस, सम्बन्ध विच्छेद प्रमाणित सिफारिस, खानेपानी, टेलिफोन जडान, नामसारी, ठाउँसारी, वैवाहिक सम्बन्ध प्रमाणित सिफारिस, अविवाहित प्रमाणित सिफारिस, खानेपानी मिटर जडान सिफारिस, विद्युत मिटर जडान सिफारिस | प्रतिगोटा | १०० | १०० | १०० |
| ३ | अंग्रेजीमा गरिने सबै सिफारिस (सम्पत्ती मुल्याङ्कन बाहेक) | प्रतिगोटा | ५०० | ५०० | ५०० |
| ४ | थप प्रति वा प्रतिलिपी | प्रतिगोटा | | २०० | २०० |
| ५ | पारिवारीक विवरण सिफारिस बसोबास प्रमाणित, चारीत्रिक प्रमाणपत्र सिफारिस, नाता प्रमाणित विदेश प्रयोजन | प्रतिगोटा | ५०० | ५०० | ५०० |
| ६ | गैरआवासिय नेपाली नागरिक सिफारिस | प्रतिगोटा | | २००० | ५००० |
| ७ | अङ्गिकृत नागरिकता सिफारिस | प्रतिगोटा | ५००० | ५००० | २००० |
| ८ | विद्युत मिटर जडान सिफारिस (उद्योग तथा व्यवसायिक प्रयोजन) | प्रतिगोटा | १५०० | १५०० | १५०० |
| **२** | **व्यक्तिगत घटना दर्ता** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.१ | व्यक्तिगत घटना दर्ताको विलम्ब दस्तुर | प्रतिगोटा | २०० | २०० | २०० |
| २.२ | व्यक्तिगत घटना दर्ताको प्रतिलिपि दस्तुर | प्रतिगोटा | ५०० | ५०० | ५०० |
| २.३ | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | | २०० | २०० | २०० |
| २.४ | परिचय पत्र नं. वा वैयक्तिक विवरणको प्रमाणीकरण सेवा वापतको प्रतिव्यक्ति प्रति टिकट दस्तुर | | ५ | ५ | ५ |
| २.५ | जैविक विवरण वा परिचयपत्रको प्रमाणीकरणको सेवा वापत प्रतिव्यक्ति टिकट दस्तुर | | १० | १० | १० |
| २.६ | परिचय नं. जैविक विवरण, वा परिचयपत्रको प्रमाणिकरण भई सम्बन्धित व्यक्तिको अन्य वैयक्तिक विवरण प्रमाणित गरेवापत प्रतिव्यक्ति प्रतिटिकट दस्तुर | | २० | २० | २० |
| **३** | **काठ कटान तथा निकासी शुल्क** | | | | |
| ३.१ | घरायसी प्रयोजनका लागि | प्रति क्यू.फिट | १ | १ | १ |
| ३.२ | व्यापारिक प्रयोजनका लागि | प्रति क्यू.फिट | २ | ३ | ३ |
| **४** | **घरेलु तथा साना उद्योगको सर्जमिन तथा अन्य सिफारिस** | | | | |
| ४.१ | ठूला उद्योग सिफारिस | प्रतिगोटा | ५००० | ५००० | ५००० |
| ४.२ | मझौला उद्योग सिफारिस | प्रतिगोटा | २५०० | २५०० | २५०० |
| ४.३ | साना तथा घरेलु उद्योग | प्रतिगोटा | १५०० | १५०० | १५०० |
| ४.४ | व्यवसाय बन्द तथा नाम परिवर्तन | प्रतिगोटा | ५०० | ५०० | ५०० |
| ४.५ | मदिरा तथा सुर्तीजन्य व्यवसाय सिफारिस (खुद्रा) | प्रतिगोटा | १००० | १००० | १००० |
| ४.६ | मदिरा तथा सुर्तीजन्य व्यवसाय सिफारिस (थोक) | प्रतिगोटा | २००० | २००० | २००० |
| ४.७ | संघ संस्था दर्ता तथा अन्य सिफारिस | प्रतिगोटा | १००० | १००० | १००० |
| ४.८ | वडा सर्जमिन मुचुल्का प्रमाणित | प्रतिगोटा | १०० | २०० | २०० |
| ४.९ | प्लटिङ्ग इजाजत प्रति रोपनी | प्रतिगोटा | ५००० | ५००० | ५००० |
| ४.१० | वनजन्य वस्तुको सिफारिस | प्रतिगोटा | १५०० | १५०० | १५०० |
| ४.११ | पर्यटन स्तरीय होटल सिफारिस | प्रतिगोटा | २००० | २००० | २००० |
| ४.१२ | घर पातल प्रमाणित | प्रतिगोटा | १०० | १०० | १०० |
| ४.१३ | घर कायम सिफारिस | प्रतिगोटा | | ५०० | ५०० |
| ४.१४ | लिखत रजिष्टेशन | प्रतिगोटा | | | ५०० |
| **५** | **घरजग्गा रजिष्ट्रेशन पास तथा अन्य** | | | | |
| ५.१ | पहिलो कित्ता | प्रतिकित्ता | ५०० | ५०० | ५०० |
| ५.२ | पहिलो कित्ता पछि थप प्रतिकित्ता | प्रतिकित्ता | १०० | १०० | १०० |
| ५.३ | ट्रेस नक्सा निर्माण तथा प्रमाणित प्रतिकित्ता | प्रतिकित्ता | २०० | २०० | २०० |
| ५.४ | ट्रेस नक्सा प्रमाणित प्रतिकित्ता | प्रतिकित्ता | १०० | १०० | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.५ | उजुरी निवेदन दस्तुर | प्रतिगोटा | १०० | १०० | १०० |
| ५.६ | मिला पत्र दस्तुर | | ३०० | ३०० | ३०० |
| ५.७ | जग्गा दर्ता वा नामसारी सिफारिस ५ रोपनीसम्म | | २०० | २०० | २०० |
| ५.८ | थप प्रति रोपनी | | २५ | २५ | २५ |
| ५.९ | राजीनामा, बकसपत्र सिफारिस | | ३०० | ३०० | ३०० |
| ५.१० | अशंवण्डा सिफारिस | | २०० | २०० | ३०० |
| ५.११ | नाम सच्याई सर्जमिन | | २०० | २०० | २०० |
| ५.१२ | घर नक्सा नामसारी | | ५०० | ५०० | ५०० |
| ५.१३ | चार किल्ला प्रमाणित | प्रतिगोटा | ३०० | ३०० | ५०० |
| ५.१४ | चार किल्ला प्रमाणित प्रतिलिपि | प्रतिगोटा | १०० | २०० | २०० |
| ५.१५ | अमिनद्वारा स्थलगत नाँपजाँच | प्रति २ कित्ता | १००० | १००० | १००० |
| ५.१६ | अमिनद्वारा स्थलगत नाँपजाँच | २ कित्ता भन्दा माथि प्रति कित्ता | २००० | २००० | २००० |
| ५.१७ | घरबाटो भए नभएको प्रमाणित गरेको | | | पहिलो कित्ता रु. ५०० र थप प्रतिकित्ता रु. १०० | पहिलो कित्ता रु. ५०० र थप प्रतिकित्ता रु. १०० |
| ५.१८ | घर जग्गा कर रसिदको प्रतिलिपि | | १०० | १०० | १०० |
| ५.१९ | प्राविधिक फिल्ड गई डिपिसी चेक जाँच | | १००० | १००० | १००० |
| ५.२० | छुट जग्गा दर्ता सिफारिस | | १००० | १००० | १००० |
| ५.२१ | जग्गा नामसारी सिफारिस | | १०० | १०० | १०० |
| ५.२२ | मोही नामसारी सिफारिस | | १०० | १०० | १०० |
| ५.२३ | डिलर लिने सिफारिस | | ५०० | ५०० | ५०० |
| ५.२४ | उद्योग नामसारी साना | | १५०० | १५०० | १५०० |
| ५.२५ | चारकिल्ला प्रमाणित वैंक तथा अन्य प्रयोजन | प्रति कित्ता | ५०० | ५०० | ५०० |
| ५.२५.१ | थप प्रतिकित्ता | | २०० | २०० | २०० |
| ५.२६ | सिमेन्ट उद्योग दर्ता सिफारिस | | २००००० | २००००० | २००००० |
| ५.२७ | पेट्रोल पम्प दर्ता सिफारिस | | २००००० | २००००० | २००००० |
| ६ | **घर जग्गा / सम्पत्ति / आयश्रोत प्रमाणित मूल्याङ्कन** | | | | |
| ६.१ | १ लाखदेखि १० लाखसम्म | | १००० | १००० | १००० |
| ६.२ | १० लाख १ देखि २० लाखसम्म एकमुष्ठ | | २००० | २००० | २००० |
| ६.३ | २० लाख भन्दा माथि थप प्रतिलाख | | २०० | २०० | २०० |
| ७ | **विविध सिफारिस** | | | | |
| ७.१ | भरुवा बन्दुक नवीकरण सिफारिस | | २००० | २००० | २००० |
| ७.२ | जीवित रहेको सिफारिस | | १०० | १०० | १०० |
| ७.३ | घर जग्गा करको लेखा जोखा सिफारिस | | ५०० | ५०० | ५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७.४ | निःशुल्क स्वास्थ्य उपचार सिफारिस | | निःशुल्क | निःशुल्क | निःशुल्क |
| ७.५ | सशुल्क स्वास्थ्य उपचार सिफारिस | | १०० | १०० | १०० |
| ७.६ | आफ्नो अधिकारक्षेत्रका विषयमा अंग्रेजी भाषामा सिफारिस तथा प्रमाणित एकमुष्ठ | | १००० | १००० | १००० |
| ७.७ | संरक्षक प्रमाणित / अविवाहित प्रमाणित | | १०० | १०० | १०० |
| ७.८ | संस्थागत संरक्षक सिफारिस | | २०० | २०० | २०० |
| ७.९ | व्यक्तिगत संरक्षक सिफारिस | | १०० | १०० | १०० |
| ७.१० | हकवाला वा हकदार प्रमाणित | | १०० | १०० | १०० |
| ७.११ | जग्गाको हक सम्बन्धी सिफारिस (सार्वजनिक, ऐलानी तथा पर्ति जग्गा बाहेक) | | १०० | १०० | १०० |
| ७.१२ | पालन पोषण सिफारिस | | २०० | २०० | २०० |
| ७.१३ | अपाङ्गता भएका नागरिक , विपन्नता, ७५ वर्ष माथिको जेष्ठ नागरिक, ६० वर्ष भन्दा माथिका एकल महिला प्रमाणित | | निःशुल्क | निःशुल्क | निःशुल्क |
| ७.१४ | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | | ५०० | ५०० | ५०० |
| ७.१५ | अन्य प्रमाणित वा सिफारिस | | १०० | १०० | १०० |
| ७.१६ | विविध सिफारिस | | १०० | १०० | १०० |
| ७.१७ | संस्थागत व्यवसायजन्य नसमेटिएका सिफारिस | | ५०० | ५०० | ५०० |
| ७.१८ | सामाजिक सुरक्षा भत्ता सिफारिस | | | | निःशुल्क |
| ७.१९ | विद्यालयसँग सम्बन्धित सिफारिस | | | | निःशुल्क |
| **८** | **योजना तथा कार्यक्रम सम्झौता सेवा शुल्क / सिफारिस** | | | | |
| ८.१ | १ लाखसम्म | प्रतियोजना | ५० | ५० | ५० |
| ८.२ | १ लाख १ देखि ५ लाखसम्म | प्रतियोजना | ७५ | ७५ | ७५ |
| ८.३ | ५ लाख १ देखि १० लाखसम्म | प्रतियोजना | १०० | १०० | १०० |
| ८.४ | १० लाख १ देखि २० लाखसम्म | प्रतियोजना | १५० | १५० | १५० |
| ८.५ | २० लाख १ देखि ३० लाखसम्म | प्रतियोजना | ३०० | ३०० | ३०० |
| ८.६ | ३० लाख १ देखि ४० लाखसम्म | प्रतियोजना | ३५० | ३५० | ३५० |
| ८.७ | ४० लाख १ देखि ५० लाखसम्म | प्रतियोजना | ४०० | ४०० | ४०० |
| ८.८ | ५० लाख १ देखि ६० लाखसम्म | प्रतियोजना | ४५० | ४५० | ४५० |
| ८.९ | ६० लाख १ एक करोडसम्म | प्रतियोजना | २००० | २००० | २००० |
| ८.१० | १ करोड भन्दा माथि | प्रतिकरोड | १००० का दरले थप | १००० का दरले थप | १००० का दरले थप |
| ८.११ | ईन्द्रावती गाउँपालिकावाट स्वीकृत योजनाहरुको कन्टीजेन्सी | प्रतिशत | ४ | ४ | ४ |
| ८.१२ | उपभोक्त समिति दर्ता ५ लाखसम्म | | ५०० | ५०० | ५०० |
| ८.१३ | उपभोक्त समिति दर्ता ५ लाखभन्दा माथि | | १००० | १००० | १००० |

इन्द्रावती गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| ८.१४ | दरभाउ पत्र तथा बोलपत्र फाराम विक्री | | | सार्वजनिक खरिद नियमावली बमोजिम | सार्वजनिक खरिद नियमावली बमोजिम |
| ९ | **नक्शा पास, निर्माण स्वीकृति शुल्क** | | | | |
| ९.१ | **नक्सा पास किताव** | | १००० | १००० | १००० |
| ९.२ | **नक्सा पास दस्तुर आवासीय** | | | | |
| ९.२.१ | क वर्गको | प्रतिवर्गफिट | १५ | ६०० व.फि. सम्म रु.८, ६००-१००० व.फि. सम्म रु.१०, १००० व.फि. देखि माथि रु.१२ | ६०० व.फि. सम्म रु.८, ६००-१००० व.फि. सम्म रु.१०, १००० व.फि. देखि माथि रु.१२ |
| ९.२.२ | ख वर्गको | प्रतिवर्गफिट | १० | ६०० व.फि. सम्म रु.६, ६००-१००० व.फि. सम्म रु.८, १००० व.फि. देखि माथि रु.१० | ६०० व.फि. सम्म रु.६, ६००-१००० व.फि. सम्म रु.८, १००० व.फि. देखि माथि रु.१० |
| ९.२.३ | ग वर्गको (आरसिसि र लोड बेरिङ) | प्रतिवर्गफिट | आर सि सि ४ लोडवेरिङ ३ | ६०० व.फि. सम्म रु.४, ६००-१००० व.फि. सम्म रु.६, १००० व.फि. देखि माथि रु.८ | ६०० व.फि. सम्म रु.४, ६००-१००० व.फि. सम्म रु.६, १००० व.फि. देखि माथि रु.८ |
| ९.२.४) | घ वर्गको | प्रतिवर्गफिट | ४ | ६०० व.फि. सम्म रु.३, ६००-१००० व.फि. सम्म रु.४, १००० व.फि. देखि माथि रु.५ | ६०० व.फि. सम्म रु.३, ६००-१००० व.फि. सम्म रु.४, १००० व.फि. देखि माथि रु.५ |
| ९.३ | **नक्सा पास दस्तुर व्यवसायिक तथा व्यापारिक** | | | | |
| ९.३.१ | क वर्गको | प्रतिवर्गफिट | २० | ६०० व.फि. सम्म रु.१०, ६००-१००० व.फि. सम्म रु.१२, १००० व.फि. देखि माथि रु.१४ | ६०० व.फि. सम्म रु.१०, ६००-१००० व.फि. सम्म रु.१२, १००० व.फि. देखि माथि रु.१४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९.३.२ | ख वर्गको | प्रतिवर्गफिट | १५ | ६०० व.फि. सम्म रु.८, ६००-१००० व.फि. सम्म रु.१०, १००० व.फि. देखि माथि रु.१२ | ६०० व.फि. सम्म रु.८, ६००-१००० व.फि. सम्म रु.१०, १००० व.फि. देखि माथि रु.१२ |
| ९.३.३ | ग वर्गको | प्रतिवर्गफिट | आर सि सि ५ लोड वेरिङ ४ | ६०० व.फि. सम्म रु.६, ६००-१००० व.फि. सम्म रु.८, १००० व.फि. देखि माथि रु.१० | ६०० व.फि. सम्म रु.६, ६००-१००० व.फि. सम्म रु.८, १००० व.फि. देखि माथि रु.१० |
| ९.३.४ | घ वर्गको | प्रतिवर्गफिट | ५ | ६०० व.फि. सम्म रु.४, ६००-१००० व.फि. सम्म रु.६, १००० व.फि. देखि माथि रु.८ | ६०० व.फि. सम्म रु.४, ६००-१००० व.फि. सम्म रु.६, १००० व.फि. देखि माथि रु.८ |
| ९.४ | नक्सा फेरबदल, मोहोडा परिवर्तन दस्तुर | प्रतिघर | १००० | १००० | १००० |
| ९.५ | तल्ला थप निवेदन शुल्क | प्रतिघर | २००० | २००० | २००० |
| ९.६ | व्यापारिक व्यवसायिक भवन | प्रतिवर्गफिट | ३० | ३० | ३० |
| ९.७ | शैक्षिक भवन | प्रतिवर्गफिट | ८ | ८ | ८ |
| ९.८ | संस्थागत भवन | प्रतिवर्गफिट | १० | १० | १० |
| ९.९ | औद्योगिक भवन | प्रतिवर्गफिट | ४० | ४० | ४० |
| ९.१० | निर्माण सम्पन्न वा नामासारी शुल्क (आर सि सि) | | १००० | १००० | १००० |
| ९.११ | निर्माण सम्पन्न वा नामासारी शुल्क (लोड बेरिङ्ग ) | | ५०० | ५०० | ५०० |
| ९.१२ | नक्सा पास प्रमाणपत्र, नक्सा प्रतिलिपी | | १००० | १००० | १००० |
| **१०)** | **अभिलेखीकरण दस्तुर** | | | | |
| १०.१ | आवासीय घर | | | | |
| १०.१.१ | क वर्गको आवसीय भवनको अभिलेखीकरण | प्रति वर्ग फिट | ४ | ६०० व.फि. सम्म रु.१२, ६००-१००० व.फि. सम्म रु.१५, १००० व.फि. देखि माथि रु.१८ | ६०० व.फि. सम्म रु.१२, ६००-१००० व.फि. सम्म रु.१५, १००० व.फि. देखि माथि रु.१८ |
| १०.१.२ | ख वर्गको आवसीय भवनको अभिलेखीकरण | प्रति वर्ग फिट | ५ | ६०० व.फि. सम्म रु.९, | ६०० व.फि. सम्म रु.९, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ६००-१००० व.फि. सम्म रु.१२, १००० व.फि. देखि माथि रु.१५ | ६००-१००० व.फि. सम्म रु.१२, १००० व.फि. देखि माथि रु |
| १०.१.३ | ग वर्गको आवसीय भवनको अभिलेखीकरण | प्रति वर्ग फिट | ६ | ६०० व.फि. सम्म रु.६, ६००-१००० व.फि. सम्म रु.९, १००० व.फि. देखि माथि रु रु.१२ | ६०० व.फि. सम्म रु.६, ६००-१००० व.फि. सम्म रु.९, १००० व.फि. देखि माथि रु रु.१२ |
| १०.१.४ | घ वर्गको आवसीय भवनको अभिलेखीकरण | प्रति वर्ग फिट | २ | ६०० व.फि. सम्म रु.५, ६००-१००० व.फि. सम्म रु.६, १००० व.फि. देखि माथि रु रु.८ | ६०० व.फि. सम्म रु.५, ६००-१००० व.फि. सम्म रु.६, १००० व.फि. देखि माथि रु रु.८ |
| १०.२ | व्यापारिक /व्यवसायिक घर | प्रति वर्ग फिट | | | |
| १०.२.१ | क वर्गको व्यापारिक तथा व्यवसायिक भवनको अभिलेखीकरण | प्रति वर्ग फिट | ५ | ६०० व.फि. सम्म रु.१५, ६००-१००० व.फि. सम्म रु.१८, १००० व.फि. देखि माथि रु रु.२२ | ६०० व.फि. सम्म रु.१५, ६००-१००० व.फि. सम्म रु.१८, १००० व.फि. देखि माथि रु रु.२२ |
| १०.२.२ | ख वर्गको व्यापारिक तथा व्यवसायिक भवनको अभिलेखीकरण | प्रति वर्ग फिट | ६ | ६०० व.फि. सम्म रु.१२, ६००-१००० व.फि. सम्म रु.१५, १००० व.फि. देखि माथि रु रु.१८ | ६०० व.फि. सम्म रु.१२, ६००-१००० व.फि. सम्म रु.१५, १००० व.फि. देखि माथि रु रु.१८ |
| १०.२.३ | ग वर्गको व्यापारिक तथा व्यवसायिक भवनको अभिलेखीकरण | प्रति वर्ग फिट | ७ | ६०० व.फि. सम्म रु.९, ६००-१००० व.फि. सम्म रु.१२, १००० व.फि. देखि माथि रु रु.१५ | ६०० व.फि. सम्म रु.९, ६००-१००० व.फि. सम्म रु.१२, १००० व.फि. देखि माथि रु रु.१५ |

इन्द्रावती गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| १०.२.४ | घ वर्गको व्यापारिक तथा व्यवसायिक भवनको अभिलेखीकरण | प्रति वर्ग फिट | ३ | ६०० व.फि. सम्म रु.६, ६००-१००० व.फि. सम्म रु.९, १००० व.फि. देखि माथि रु रु.१२ | ६०० व.फि. सम्म रु.६, ६००-१००० व.फि. सम्म रु.९, १००० व.फि. देखि माथि |
| १०.२.५ | साविक स्थानीय निकायमा दर्ता भएका भवनहरूको हकमा | प्रति वर्ग फिट | १ | १ | १ |
| १०.२.६ | प्लिन्थ लेवल भन्दा माथि Super Structure को नक्शा पास गरी तोकिएको समयमा निर्माण सम्पन्न नगरेमा विलम्ब शुल्क | | २००० वा २५ प्रतिशत मध्ये जुन बढी हुन्छ | २००० वा २५ प्रतिशत मध्ये जुन बढी हुन्छ | २००० वा २५ प्रतिशत मध्ये जुन बढी हुन्छ |
| १०.२.७ | म्याद थप गरेपछि २ वर्षभित्र निर्माण कार्य सम्पन्न नगरिएमा थप विलम्ब शुल्क | प्रतिशत | थप २५ प्रतिशत | थप २५ प्रतिशत | थप २५ प्रतिशत |
| १०.२.८ | डिजाइन शुल्क | | ५०० | ५०० | ५०० |
| १०.३ | **भू-सेवातर्फ** | | | | |
| १०.३.१ | राजीनामा | | २००० | २००० | २००० |
| १०.३.२ | अंशबन्डा | | १५०० | १५०० | १५०० |
| १०.३.३ | लिखत | | १५०० | १५०० | १५०० |
| १०.३.४ | नामसारी | | १००० | १००० | १००० |
| १०.३.५ | रोक्का( धितो ,लागायतका अन्य प्रयोजन ) | | १००० | १००० | १००० |
| १०.३.६ | मोही नामसारी | | ३००० | ३००० | ३००० |
| १०.३.७ | जग्गा प्रशासन | | १००० | १००० | १००० |
| १०.३.८ | प्रतिलिपि | | १००० | १००० | १००० |

**(तर गाउँकार्यपालिकाले घर नक्सा सुचिकरण एंव पास गर्ने कार्य अभियानको रुपमा संञ्चालन गर्दा उल्लेखित कार्यविधि वमोजिम दररेटमा कार्यपालिकाले निर्णय गरी छुट दिन वाधा पर्ने छैन ।)**

**स्पष्टिकरण**

**क वर्गः** विकसित मुलुकमा अपनाइएका भवन संहिता समेतको अनुसरण गरी इण्टरनेशनल स्टेट अफ आर्टमा आभारित हुने गरी बनाइएका अत्याधुनिक भवनहरु

**ख वर्गः** प्लीन्थ एरिया एक हजार वर्गफिट भन्दा बढी भुइतला सहित तीन तला भन्दा बढी वा स्ट्रक्चरल स्पान चार दशमलव पाँच मिटर भन्दा बढी भएका भवनहरु

**ग वर्गः** प्लीन्थ एरिया एक हजार वर्गफिट सम्म भुँइतला सहित तीनतला सम्म वा स्ट्रक्चरल स्पान चार दशमलव पाँच मीटरसम्म भएका भवनहरु

**घ वर्गः** खण्ड क ख र ग मा लेखिए देखि बाहेकका काँचो वा पाको ईंटा ढुंगा माटो बाँस खर आदीको प्रयोग गरी दुई तलासम्म बनाइने साना घर छाप्राहरु

## अनुसूची -१३
### दफा (१४) सँग सम्वन्धित
### पर्यटन शुल्क

| सि.नं | विवरण | इकाई | वार्षिक करको दर (रु.) ०८१/०८२ | वार्षिक करको दर (रु.) ०८२/०८३ | वार्षिक करको दर (रु.) ०८३/०८४ |
|---|---|---|---|---|---|
| १ | नेपाल भित्रका पर्यटक (गा.पा बाहेक) | प्रति व्यक्ति | १० | १० | १० |
| २ | सार्क मूलुकका पर्यटक | प्रति व्यक्ति | १०० | १०० | १०० |
| ३ | अन्य मूलुकका पर्यटक | प्रति व्यक्ति | २५० | २५० | २५० |

## अनुसूची – १४
### दफा (१६) सँग सम्बन्धित
### (ढुङ्गा, गिटी, बालुवा, माटो आदी प्राकृतिक एवं खानीजन्य वस्तुहरुको संकलन तथा विक्री कर)

| सि.नं | विवरण | वार्षिक करको दर (रु.) ०८१/०८२ | वार्षिक करको दर (रु.) ०८२/०८३ | वार्षिक करको दर (रु.) ०८३/०८४ |
|---|---|---|---|---|
| १ | सडक मर्मत सम्भार शुल्क | | प्रदेश कानुन बमोजिम हुने | प्रदेश कानुन बमोजिम हुने |
| १.१ | ठूला ट्रक / ट्रिपर | – | | |
| १.२ | आइचर | – | | |
| १.३ | निशान | – | | |
| १.४ | ट्र्याक्टर | – | | |
| २ | ढुङ्गा गिटी बालुवा, माटो सङ्कलन तथा विक्री शुल्क (सङ्कलन शुल्क रु. ३ र विक्री शुल्क रु. ६) प्रतिस्क्वाएरफिट | ९ | | |
| ३ | पत्रे ढुङ्गा निकासी प्रति स्क्वाएर फिट | | | |

## अनुसूची – १५
### दफा (१९) सँग सम्बन्धित
### दण्ड जरिवाना सम्बन्धी व्यवस्था

| सि.नं | विवरण | वार्षिक करको दर (रु.) ०८१/०८२ | वार्षिक करको दर (रु.) ०८२/०८३ | वार्षिक करको दर (रु.) ०८३/०८४ |
|---|---|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र तोकिएको स्थान बाहेक अन्यत्र जथाभावी फोहर गरेमा, राखेमा वा फालेमा र जथाभावी पार्किङ्ग गरेमा | २०० देखि ५००० सम्म | २०० देखि ५००० सम्म | २०० देखि ५००० सम्म |
| २ | गाउँपालिका क्षेत्रबाट अवैध रुपमा ढुङ्गा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरू उत्खनन् गरेमा (स्काभेटर) | १००००० | १००००० | १००००० |

| | | | | |
|---|---|---|---|---|
| ३ | गाउँपालिका क्षेत्रबाट अवैध रुपमा ढुङ्गा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरू उत्खनन् गरेमा (ब्याकहो लोडर) | ५०००० | ५०००० | ५०००० |
| ४ | गाउँपालिका क्षेत्रबाट अवैध रुपमा ढुङ्गा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरू चोरी निकासी गरेमा (ट्रिपर) | ५०००० | ५०००० | ५०००० |
| ५ | गाउँपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरू चोरी निकासी गरेमा (आइचर) | २५००० | २५००० | २५००० |
| ६ | गाउँपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरू चोरी निकासी गरेमा (अन्य साना साधन) | २५००० | २५००० | २५००० |
| ७ | गाउँपालिका क्षेत्रबाट अवैध रुपमा काठ, दाउरा तथा काठजन्य वस्तु कटान गरी निकासी गरेमा (प्रति गाडी) | ३०००० | ३०००० | ३०००० |
| ८ | गाउँपालिकाबाट ईजाजत नलिई भवन निर्माण गरेमा (प्रतिवर्गफिट) | २ | २ | २ |
| ९ | गाउँपालिका क्षेत्रभित्र नदीजन्य पदार्थ उत्खनन् गर्ने व्यवसायहरुले तोकिएको स्थान बाहेक अन्यत्र जथाभावी फोहर फालेमा, राखेमा वा व्यवस्थित नगरेमा | १००००० | १००००० | १००००० |
| १० | गाउँपालिका क्षेत्रभित्र नदीजन्य पदार्थ उत्खनन् गर्ने व्यवसायहरुले फोहोर पानी प्रशोधन नगरी नदीमा फालेमा, वा व्यवस्थित नगरेमा | १५०००० | १५०००० | १५०००० |

१. जरिवाना वापत प्राप्त हुन आएको चोरी निकासीको रकमबाट २५ प्रतिशतसम्म प्रहरी / सूचना दातालाई पुरस्कार स्वरुप उपलब्ध गराइनेछ ।

२. यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि व्यवसाय दर्ता/नवीकरण अभियान सञ्चालन गर्दा तोकिएको दर रेटमा कार्यपालिकाले निर्णय गरी छुट दिन बाधा पर्ने छैन ।

प्रमाणिकरण मिति २०८३।०३।२७

आज्ञाले
दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत